# मागमा आधारित सशर्त अनुदान हस्तान्तरण सम्बन्धी मार्गदर्शन, २०८२

स्वीकृत मितिः- २०८२/०५/१८

प्रस्तावनाः- स्थानीय तहको विकास आवश्यकता र स्रोत साधनको उपलब्धताबिचको अन्तरलाई कम गर्न, प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय तहमार्फत् कार्यान्वयन गर्न र स्थानीय तहबाट माग भए बमोजिम सशर्त अनुदान हस्तान्तरणको कार्यलाई पारदर्शी तुल्याउन वाञ्छनीय भएकोले,

कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले यो मार्गदर्शन बनाएको छ।

## परिच्छेद — १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मार्गदर्शनको नाम "मागमा आधारित सशर्त अनुदान हस्तान्तरण सम्बन्धी मार्गदर्शन, २०८२" रहेको छ ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनको प्रयोजनको लागिः-

क) "अनुदान" भन्नाले स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदान भन्ने सम्झनुपर्दछ।

ख) "आयोजना" भन्नाले मन्त्रालयबाट स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण हुने पुँजीगत प्रकृतिका आयोजनालाई सम्झनुपर्दछ।

ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेशलाई सम्झनुपर्दछ।

घ) "मन्त्री" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रीलाई सम्झनुपर्दछ।

ङ) "स्थानीय तह" भन्नाले कोशी प्रदेशभित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनुपर्दछ।



निमित्त प्रदेश सचिव

## परिच्छेद — २

## सशर्त अनुदान हस्तान्तरण सम्बन्धी मार्गदर्शन

३. <u>अनुदान हस्तान्तरणको विषयक्षेत्र</u>:- १) यस मार्गदर्शन बमोजिम अनुदान हस्तान्तरण गर्दा देहायका विषयक्षेत्रका आयोजनामा गर्नुपर्नेछ।

क) भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

ख) पर्यटन पूर्वाधार विकास सम्बन्धी आयोजना,

ग) खानेपानी, सिँचाई तथा सरसफाई पुर्वाधार विकास सम्बन्धी आयोजना,

घ) कृषि तथा पशुपंक्षीजन्य विकास, विस्तार तथा पूर्वाधार निर्माण सम्बन्धी आयोजना,

ङ) सामाजिक तथा सांस्कृतिक पुर्वाधार विकास सम्बन्धी आयोजना,

च) विपत पुनःनिर्माण सम्बन्धी आयोजना,

छ) पुर्वाधार निर्माण सम्बन्धित अन्य आयोजना,

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निर्माणका पुँजीगत आयोजना बाहेकका तालिम, गोष्ठी, क्षमता अभिवृद्धि, कार्यालय व्यवस्थापन, कार्यालय सामाग्री खरिद, अनुदान वा सामग्री सहायता, खेल प्रतियोगिता सञ्चालन लगायतका चालु प्रकृतिका क्रियाकलाप/कार्यक्रमका साथै सफ्टवेयर खरिद, सूचना प्रविधि उपकरण खरिद, सवारी साधन खरिद, फर्निचर खरिद, अनुसन्धान तथा विकास, पुँजीगत परामर्श खर्च जस्ता कार्यका लागि अनुदान हस्तान्तरण गर्न पाइने छैन।

४. <u>अनुदान हस्तान्तरणको प्रक्रिया</u>:- अनुदान हस्तान्तरण गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

१) स्थानीय तह वा सम्बन्धित वडा कार्यालयले आफूले पहिचान गरेका आयोजनाको नाम, अनुमानित लागत तथा आयोजना कार्यान्वयन हुने ठेगाना समेत खुलाई मन्त्रालय समक्ष माग पेस गर्नुपर्नेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोशी प्रदेश आयोजना बैंङ्क कार्यविधि, २०८१ बमोजिम माग भई आयोजना बैंङ्कमा समावेश भएका र यो मापदण्ड स्वीकृत हुनुअघि मन्त्रालयमा माग भएका आयोजनामा समेत यस मार्गदर्शन बमोजिम अनुदान हस्तान्तरण गर्न सकिनेछ।



निमित्त प्रदेश सचिव

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, नेपाल

३) मन्त्रालयबाट आयोजनाको छनोट र हस्तान्तरण हुने अनुदान रकमको निर्णय गर्दा मन्त्रीस्तरीय निर्णयबाट गर्नुपर्नेछ।

४) उपदफा (३) बमोजिम निर्णय गर्दा आयोजनाको माग संख्या, स्रोतको उपलब्धता, र आयोजनाको प्रकृति समेतको आधारमा आयोजनाको छनोट र अनुदानको रकम निर्धारण गर्न सकिनेछ।

५) उपदफा (३) बमोजिम अनुदानका लागि छनोट भई निर्णय भएका आयोजनालाई मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा सम्बन्धित स्थानीय तहको कार्यालय कोडमा प्रविष्ट गर्नुपर्नेछ।

६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका आयोजनालाई सम्बन्धित स्थानीय तहले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

७) आयोजनाको नाम वा ठेगानामा भएको सामान्य त्रुटि संशोधनका लागि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको सम्बन्धित वडा कार्यालयबाट माग वा सिफारिस भई आएमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

तर, आयोजनाको लक्ष्य, उद्धेश्य तथा बजेट रकममा फरक पर्ने गरी संशोधन गर्न पाइने छैन।

५. <u>अनुदानका शर्तहरुः-</u> अनुदान प्राप्त गर्ने स्थानीय तहले देहायका शर्तहरुको पालना गर्नुपर्नेछ।

१) स्थानीय तहले अनुदान प्राप्त भएको रकम जुन आयोजनाको लागि रकम प्राप्त भएको हो सोही आयोजनामा मात्र खर्च गर्नुपर्नेछ। एक आयोजनाको लागि हस्तान्तरण भएको रकम अर्को आयोजनामा बजेट सार्न वा रकमान्तर गरी घटाउन पाइने छैन।

२) खर्च गर्दा प्रचलित सार्वजनिक खरिद कानुनको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

३) आयोजनाको ठेक्का लगाई वचत भएको रकमको पुनः ठेक्का लगाउन वा अन्य कुनै तवरले खर्च गर्न पाइने छैन। आयोजनालाई विभिन्न शीर्षकमा टुक्रा पारी खर्च गर्न पाइने छैन।

४) यस मार्गदर्शन बमोजिम पुँजीगत प्रकृतिको कार्यका लागि मात्र अनुदान हस्तान्तरण हुने हुँदा चालु प्रकृतिका क्रियाकलापमा अनुदानको रकम खर्च गर्न पाइने छैन।



निमित्त प्रदेश सचिव

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना म...
विराटनगर, नेपाल

५) आयोजनामा हस्तान्तरण भएको रकम खर्च नभई वा ठेक्का लगाई वा अन्य कारणले वचत हुने भएमा त्यस्तो रकम २०८३ असार मसान्तभित्रमा प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी फिर्ता गरिसक्नुपर्नेछ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः</u>- १) स्थानीय तहले अनुदानको खर्चको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ।

२) त्रैमासिक रुपमा वित्तीय विवरण र वार्षिक रुपमा वित्तीय तथा भौतिक प्रगति विवरण समेत तयार गरी मन्त्रालयमा पेस गर्नुपर्नेछ।

३) अनुदानबाट भएको खर्चको प्रचलित कानुन वमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

७. <u>आयोजनाको अनुगमनः-</u> १) आयोजनाको रकम भुक्तानी गर्नुअघि सम्बन्धित स्थानीय तहले आयोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ। मन्त्रालय वा प्रदेश सरकारका निकायले समय-समयमा आयोजनाको अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछन्।

८. <u>प्रचलित कानून बमोजिम हुनेः</u> १) यस मार्गदर्शनमा उल्लेख भएको विषयमा यसै मार्गदर्शन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

निमित्त प्रदेश सचिव